# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

(साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिएको)
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
**केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**

केन्द्रीय कार्यालय काठमाडौं

प.सं. २०८१/८०
च.नं. 2698

मिति : २०८०/०३/२४

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,**
सिंहदरबार प्लाजा, काठमाडौं ।

**विषय : एकीकृत कारोबार आरम्भ एवम् सञ्चालक र प्रमुख कार्यकारी अधिकृत नियुक्ति/कायम सम्बन्धमा ।**

**महोदय,**

उपर्युक्त सम्बन्धमा यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८०/०३/२४ गते बसेको बैठकको निर्णयका आधारमा देहायका विषयहरु जानकारीका लागि अनुरोध छ :

(क) नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागको पत्र संख्या : बै.वि.नि.वि./मर्जर/६६/०७९/८० को मिति २०८०/०२/२४ को अन्तिम स्वीकृति पत्र अनुसार साना किसान विकास लघुवित्त वित्तीय संस्था र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिएर बन्ने संस्थाको नाम "साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड" रहने र आज मिति २०८०/०३/२४ उप्रान्त यसै नामबाट कारोवार हुने छ ।

(ख) साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सन्दर्भमा मिति २०७९/११/१८ गते सम्पन्न अन्तिम सम्झौता पत्रको बुँदा नं. ११(ग) तथा बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) सम्बन्धी विनियमावली, २०७३ (संसौधन, २०७९ सहित) को विनियम १२(८) बमोजिम आज एकीकृत वित्तीय कारोवार सुरु भएको मितिदेखि वित्तीय संस्थामा देहाए बमोजिमका व्यक्तिहरु रहेको सञ्चालक समिति गठन/कायम भएको छ :-

संस्थापक समूहबाट :

१) श्री खेम बहादुर पाठक - अध्यक्ष
२) डा. बाबुकाजी थापा - सदस्य
३) श्री जयेन्द्र विक्रम शाह - सदस्य
४) श्री समता पन्त (भट्ट) - सदस्य

सर्वसाधारण समूहबाट :

५) श्री उमेश लम्साल - सदस्य
६) श्री भिम प्रसाद तिमल्सिना - सदस्य

(ग) साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्बन्धी २०७९/०५/३१ मा भएको प्रारम्भिक समझदारी पत्रको आधारमा साविक साना किसान विकास लघुवित्त वित्तीय लिमिटेड संस्थाका प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइराला नै गाभिए पछिको संस्थाको प्रमुख कार्यकारी अधिकृत कायम हुनु भएको छ ।

भवदीय,

(हस्ताक्षर)
..........................
**(डा. शिवराम प्रसाद कोइराला)**
प्रमुख कार्यकारी अधिकृत

प्रमुख कार्यकारी अधिकृत

वेबसाइट : http://www.skbbl.com.np, ई-मेल : **info@skbbl.com.np**, फोन :.०१५९०९६१२/०१५३२०९१३, पो.ब.नं.:२१९५६